म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १५० २०८० वैशाख ११ गते सोमबार 24 April 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## कक्षा ११ को परीक्षा तालिका सार्वजनिक

हेटौंडाः हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा ११ को वार्षिक परीक्षा तालिका सार्वजनिक गरेको छ । आइतबार सार्वजनिक गरिएको तालिकाअनुसार आगामी जेठ ७ गतेदेखि परीक्षा सञ्चालन हुनेछ ।

जेठ १८ गते बिहिबारसम्म सञ्चालन हुने परीक्षा बिहान ७ बजेबाट सुरु हुनेछ । विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्र संकायमा पठनपाठन हुने मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा १ हजार ३ सय २६ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा ११ को परीक्षा विद्यालय तथा क्याम्पस आफैंले आन्तरिक रुपमा लिने व्यवस्था छ ।

## चैतमा २० वर्षभन्दा कम उमेरका २५ गर्भवती आमा बने

समाज संवाददाता

हेटौंडाः कानुनले २० वर्षभन्दा कम उमेरमा विवाहलाई निषेध गरेको छ । तर, व्यवहारमा भने २० वर्षभन्दा कम उमेरमा विवाह गरेर सन्तान जन्माउने क्रम जारी नै छ । हेटौंडा अस्पतालमा मात्रै चैत महिनामा २० वर्षभन्दा कम उमेरका २५ जना गर्भवती आमा भएका छन् । २ सय ७८ गर्भवती मध्ये २५ जना २० वर्षभन्दा कम उमेरमै आमा बनेको अस्पतालका सूचना अधिकारी राजिब झाले जानकारी दिनुभएको छ ।

चैत महिनामा आमा बनेकामा जटिल अवस्थाको ६ जनाको शल्यक्रिया गरिएको थियो । ७८ जनाको सामान्य शल्यक्रिया गरिएको छ । ४९ जनाले गर्भपतन गराएका छन् । हेटौंडा अस्पतालमा यसअघि चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्म ७ महिनाको अवधिमा ३ सय ८९ २० वर्षभन्दा कम उमेरमै आमा बनेका छन् । जिल्ला अस्पतालको चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको विवरण हेर्दा २० वर्षभन्दा कम उमेरमा आमा बन्नेको संख्या अधिक देखिएको छ ।

२० वर्षभन्दा कम उमेरमै आमा बन्नेहरुमध्ये दक्ष प्रसुतिकर्मीबाट ३ सय १८ जनाले प्रसुति सेवा लिएका छन् । दक्ष स्वास्थ्यकर्मीबाट ३६ जना, अन्य स्वास्थ्यकर्मीबाट २१ जना र १४ जना घरमा सुत्केरी भएका छन् । डाक्टरका अनुसार कम उमेरका महिलाहरुले बच्चा नर्मल जन्माउन नसक्ने र शल्यक्रिया गर्नुपर्ने, रक्तश्राव धेरै हुने, समय नपुगी प्रसुति हुने, बच्चा खेर जाने र आमा बच्चा दुबैलाई ज्यानको जोखिमको अवस्था रहन्छ ।

जिल्लाको दश वटा स्थानीय तहहरुमा ७ महिनाको अवधि (साउनदेखि माघसम्म) मा २० वर्षभन्दा कम उमेरका पहिलोपटक जुनसुकै समयमा गर्भवती जाँच गर्ने महिलाको संख्या ५ सय ६७ जना रहेका छन् । जसमध्ये दोस्रो पटक १२ हप्तासम्म जाँच गर्न आउने गर्भवतीको संख्या २ सय ८८ जना रहेका छन् ।

मकवानपुर जिल्लालाई आर्थिक वर्ष २०७४/०७५ को जिल्ला सभा बैठकले ३ वर्षभित्रमा जिल्लालाई पूर्णरुपमा बालमैत्री स्थानीय तह घोषणा गर्ने भने तापनि मनहरी गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिकामात्रै बालमैत्री स्थानीय तह घोषणा भएको छ भने कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका र हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणा गर्ने तयारीमा रहेका छन् ।

## मुख्यमन्त्रीलाई कामकाजी भाषासम्बन्धी अध्ययन समितिको प्रतिवेदन




समितिको प्रतिवेदन मुख्यमन्त्रीलाई बुझाउनु हुँदै संयोजक कुमारी मोक्तान ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा सरकारी कामकाजको भाषा नेपालीसँगै तामाङ र नेवारी (नेपाल भाषा) कार्यान्वयन गर्न बनेको तयारी समितिले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई प्रतिवेदन बुझाएको छ । आइतबार मुख्यमन्त्री कार्यालयमा समितिका संयोजक एवम् सामाजिक विकास मन्त्री कुमारी मोक्तान र समितिका विज्ञ सदस्यहरु अमृत कुमार योन्जन, ओमकार्यश्वर श्रेष्ठले मुख्यमन्त्री जम्कट्टेललाई प्रतिवेदन बुझाएको हो । प्रतिवेदन बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले आउँदो भदौ महिना भित्र भाषासम्बन्धी ऐन निर्माण गरी तामाङ र नेवार भाषालाई सरकारी कामकाजको भाषा निर्माण गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

'हामीले ऐन निर्माणको प्रक्रिया अघि बढाइसकेका छौं, आर्थिक मामिला र आन्तरिक मामिला मन्त्रालयको राय लिएर थप काम अघि बढाउँछौं', उहाँले भन्नुभयो, 'वर्षे अधिवेशनमा सम्बन्धित विधेयक पेश हुनेगरी काम अघि बढाउँछौं र भदौ महिनाभित्र कार्यान्वयनमै लैजानेगरी काम गर्छौं ।' बहुसंख्यक तामाङ र नेवार समुदायको बसोबास रहेको बागमती प्रदेशमा आम नागरिकलाई सरकारी कामकाजमा थप सहजता होस् भनी आवश्यक काम अघि बढाएको जम्कट्टेलले बताउनुभएको छ । प्रदेश तहमा पहिलो पटक बागमती प्रदेशमा नेपाली बाहेक अन्य मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउन लागिएको हो ।

प्रतिवेदनमा समावेश प्रस्तावित बागमती प्रदेश राष्ट्रभाषा ऐन २०८० मा यो ऐन लागु भएपछि सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित वा मौखिक सुचना प्रदान गरिने उल्लेख छ । सार्वजनिक पदमा बाहल रहेका व्यक्तिले सरकारी कामकाजको भाषा प्रयोग गर्न इन्कार गरेमा जरिवाना र सजाय हुने समेत प्रावधान राखिएको छ । साथै यो ऐन कार्यान्वयन भएको तीन महिनाभित्र प्रदेशभित्रको भाषा संरक्षण, सम्बर्धन, विकास र अध्ययन अनुसन्धानका लागि राष्ट्रभाषा विकास प्रतिष्ठान स्थापना गर्न प्रस्ताव गरिएको छ । बागमती प्रदेशमा विभिन्न जातजातिका एक सय चार भाषा बोलिचालीमा रहेको समितिले जनाएको छ ।

## आज लोकतन्त्र दिवस

समाज संवाददाता

हेटौंडाः तत्कालीन राजा ज्ञानेन्द्रले जनतासामू घुँडा टेकेको दिनको सम्झनामा आज लोकतन्त्र दिवस मनाइँदैछ । विक्रम संवत् २०६२/६३ को दोस्रो जनआन्दोलन सफल भई २०६३ वैशाख ११ गते नेपालमा लोकतन्त्र स्थापना भएको थियो ।

राजा ज्ञानेन्द्रले २०५९ जेठ ८ गते विघटित संसद २०६३ वैशाख ११ गते पुनःस्थापना गर्नुभएको थियो । नारायणहिटी दरबार हत्याकाण्डपछि राजा बन्नुभएका ज्ञानेन्द्र शाहले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने श्रृङ्खला चलाउनुभएको थियो । राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभएको थियो ।

सात दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको १२ बुँदे समझदारीअनुसार ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध आन्दोलन चर्कियो । राजधानी काठमाडौंमा मानवसागर उर्लिएको थियो । आन्दोलनमा दुई दर्जन बढीको ज्यान गएको थियो । अन्ततः राजा ज्ञानेन्द्र घुँडा टेक्न बाध्य भई जनताको नासो जनतालाई नै फिर्ता गरेको घोषणा गर्नुभएको थियो ।

आन्दोलनरत दलले तयार पारेकै मस्यौदाका आधारमा ज्ञानेन्द्रले २०६३ वैशाख ११ गते राति संसद पुनःस्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभएको थियो । त्यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । २०६३ जेठ ४ गते बसेको पुनःस्थापित संसद बैठकले राजदरबारको अधिकार कटौती गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गऱ्यो । २०६३ मंसिर ११ मा माओवादी हतियार बिसाउँदै शान्तिपूर्ण राजनीतिमा आयो ।

यसैको जगमा २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्ष लामो राजसंस्थाको विधिवत् अन्त्य गर्दै मुलुकमा गणतन्त्र स्थापना भएको ऐतिहासिक घोषणा गऱ्यो । लोकतन्त्र स्थापना भएको दिन वैशाख ११ मा सार्वजनिक विदा दिने गरिएकोमा केही वर्षदेखि उक्त कटौती गरिएको छ । कतिपयले यसको आलोचनासमेत गर्ने गरेका छन् ।

सरकारले भने लोकतन्त्र, गणतन्त्रलाई संविधानले संस्थागत गरेकाले संविधान जारी भएको दिन २०७२ साल असोज ३ गतेलाई राष्ट्रिय दिवसको रुपमा मनाउने र सो दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । लोकतन्त्र दिवसमा सरकारको तर्फबाट औपचारिक कुनै कार्यक्रम नगरिए पनि विभिन्न संस्थाहरुले आफूअनुकूल कार्यक्रम आयोजना गरेका छन् ।

## त्रिभुवन माविमा दोस्रो बस

## २०० विद्यार्थी थप्ने विद्यालयको योजना



आइतबार त्रिभुवन माविका प्रधानाध्यापकसहित विद्यालय परिवारले विद्यालय बसको चाबी बुझ्दै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित त्रिभुवन माविमा दोस्रो बस भित्रिएको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट २५ लाख रुपैयाँ र हेटौंडा उपमहानगरपालिकाबाट ५ लाख रुपैयाँ अनुदान प्राप्त गरेको विद्यालयले भन्सार छुट सुविधासहित ४२ सिट क्षमताको बस खरिद गरेको छ । यसअघि विद्यालयसँग ३२ सिट क्षमताको बस थियो ।

विद्यालयमा दुईवटा बस भएसँगै शैक्षिक सत्र २०८० मा २ सय विद्यार्थी थप गरी ९ सयदेखि १ हजार संख्यामा विद्यार्थी भर्ना गर्ने लक्ष्य रहेको प्रधानाध्यापक नारायणप्रसाद भण्डारीले बताउनुभएको छ । २०७७ सालमा प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दा ४ सय ७४ जना विद्यार्थी रहेको उल्लेख गर्नुहुँदै शैक्षिक सत्र २०७८ मा ६ सय ९८, शैक्षिक सत्र २०७९ मा ७ सय ५० विद्यार्थी भर्ना गर्न सफल भएको प्रधानाध्यापक भण्डारीको भनाइ छ । बसको प्रयोग गरेर वडाभित्रकै विद्यार्थीलाई विद्यालयको पहूँचमा ल्याउन खोजेको उहाँले जानकारी दिनुभएको छ ।

विद्यालयले अंग्रेजी माध्यममा पठनपाठन सुरु गरेसँगै विद्यार्थी र अभिभावकको आकर्षण बढेको हो । अहिले त्रिभुवन माविमा ५ कक्षासम्म पूर्णरुपमा अंग्रेजी माध्यममा पठनपाठन भइरहेको छ भने ६ कक्षादेखि १० कक्षासम्म नेपाली र अंग्रेजी दुबै माध्यममा पठनपाठन भइरहेको छ । १२ कक्षासम्म पठनपाठन हुने त्रिभुवन माविमा प्राविधिकतर्फ ३ वर्षे खाद्य तथा प्रविधि विषय पनि पठनपाठन भइरहेको छ । गत वर्ष अन्तिम समयमा स्वीकृति प्राप्त भएकोले ४० जना विद्यार्थीको कोटामा ८ जना विद्यार्थी मात्रै भर्ना गर्न सकेको विद्यालयले यो वर्ष कोटाअनुसार ४० जना विद्यार्थी नै भर्ना गर्ने प्रधानाध्यापक भण्डारीले दावी गर्नुभएको छ । विद्यालयमा हरेक वर्ष भर्ना भएका विद्यार्थी मध्ये करिब ५ प्रतिशत विद्यार्थीले बीचमै पढाई छाड्ने प्रवृत्ति रहेको उहाँको भनाइ छ ।

## अन्तर्राष्ट्रिय पुस्तक दिवसको अवसरमा विद्यालयमा पुस्तक वितरण




विद्यार्थीलाई पाठ्यपुस्तक हस्तान्तरण गर्नुहुँदै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती ।

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) को चौथो दिन बुधबार अनिवार्य विज्ञान विषयको परीक्षा भएको छ । विज्ञान विषयका लागि एकदिन छुट्टी गरिएको थियो । विद्यार्थीलाई तयारी गर्न सहज होस भनी मंगलबार परीक्षा राखिएको थिएन ।

विज्ञान विषयको परीक्षामा ३ हजार ३ सय ७० जना छात्रा र २ हजार ७ सय ९९ जना छात्र गरी ६ हजार एक सय ६९ जना विद्यार्थी परीक्षामा उपस्थित भएका छन् । यस्तै एक सय २५ जना विद्यार्थी विज्ञान विषयको परीक्षामा अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभएको छ ।

४७ जना छात्रा र ७८ जना छात्र परीक्षामा अनुपस्थित भएको उहाँले बताउनुभयो । प्राविधिक सहायक चौधरीका अनुसार एकजना किरियापुत्री परीक्षार्थीले पनि परीक्षा दिएका छन् । यस्तै हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयका २ जना दृष्टिविहीन विद्यार्थीले सहयोगीको साथमा परीक्षा दिएका छन् । चैत २९ गतेसम्म संचालन हुने परीक्षाको पाँचौं दिन बिहीबार अनिवार्य सामाजिक अध्ययनको परीक्षा हुँदैछ ।

## पहिलो दिन विद्यालयमा न्यून विद्यार्थी

समाज संवाददाता

हेटौंडाः शैक्षिक सत्र २०८० को पठनपाठन सुरु भएको छ । हेटौंडा नगर क्षेत्रका अधिकांश विद्यालयमा आइतबारबाट सुचारु भएका छन् । आइतबारबाट विद्यालय सुचारु भए पनि विद्यार्थीको उपस्थिति भने न्यून रहेको छ । हेटौंडा-४ स्थित भुटनदेवी माविमा न्यून संख्यामा विद्यार्थी उपस्थित भएका कारण पठनपाठन हुन सकेन ।

यता हेटौंडा-२ स्थित सिद्धार्थ माविमा पहिलो दिन ३ सय २१ जना विद्यार्थी उपस्थित भएका छन् । विद्यालयले पठनपाठन सुरुवात गरेको पहिलो दिन ३ सय २१ जना विद्यार्थी उपस्थित भएको विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभयो । विद्यालय खुलेको पहिलो दिन भएकोले विद्यार्थीहरुको संख्यामा केही कमि भएको प्रधानाध्यापक शर्माले बताउनुभयो । विद्यालयमा नेपाली माध्यममा १ सय ४३ जना र अँग्रेजी माध्यममा १ सय ७८ जना विद्यार्थीको उपस्थिति रहेको प्रधानाध्यापक शर्माले बताउनुभयो ।

## सम्पादकीय

# लोकतन्त्र दिवस ओझेलमा

आज बैशाख ११ गते लोकतन्त्र दिवस हो । तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध भएको दोस्रो जनआन्दोलनले सफलता पाएको दिनको स्मरणमा बैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा मनाउने गरिन्छ । २०६२ चैत २४ गतेदेखि सुरु भएको दोस्रो जनआन्दोलन २०६३ बैशाख ११ गते विघटित प्रतिनिधिसभा पुन:स्थापना गर्ने राजा ज्ञानेन्द्रको घोषणासँगै अन्त्य भएको थियो । २०५६ सालमा भएको आम निर्वाचनबाट गठन भएको प्रतिनिधिसभा तत्कालीन माओवादी जनयुद्ध तथा राजनीतिक दलहरुको सत्ता राजनीतिले २०५९ जेठ ८ गते विघटन भयो । प्रतिनिधिसभा विघटनलगत्तै जेठ १९ गते राजदरबार हत्याकाण्ड भयो । दरबार हत्याकाण्डपछि तत्कालीन राजा वीरेन्द्रको सम्पूर्ण वंश नाश भएपछि ज्ञानेन्द्र राजा भए । राजा ज्ञानेन्द्रको राजनीतिक सक्रियता बढ्दै गएपछि स्वेच्छाचारीरुपमा सरकार गठन र विघटनको शृंखला चल्यो । हुँदाहुँदा २०६१ माघ १९ गते ज्ञानेन्द्रले प्रत्यक्ष शासन सुरु गरेपछि तत्कालीन राजनीतिक दलहरु भूमिकाविहीन बन्न पुगे ।

राजनीतिक दलहरुलाई बेवास्ता गरेर आफू निकटका व्यक्तिको सहयोगमा आफ्नै अध्यक्षतामा राजा ज्ञानेन्द्रले मन्त्रिपरिषद् गठन गरेर प्रत्यक्ष शासन सुरु गरेपछि राजनीतिक दलहरु राजतन्त्रविरुद्ध संघर्ष गर्न तयार भए । तत्कालीन माओवादीले पनि राजनीतिक दलहरुको आन्दोलनलाई सहयोग गर्ने गरी दिल्ली सम्झौता भयो । यसैको बलमा दोस्रो जनआन्दोलन सुरु भयो । तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध चलेको जनआन्दोलन उत्कर्षमा पुगेपछि २०६३ साल बैशाख ११ गते ज्ञानेन्द्रले 'जनताको नासो जनतालाई फिर्ता दिएको' उद्घोषसहित प्रतिनिधिसभा पुन:स्थापना गरेको खुशीयालीमा यो त्यसयता हरेक वर्ष बैशाख ११ गते लोकतन्त्र दिवस मनाइने गरिएको थियो । तर, २०७२ सालमा नयाँ संविधान जारी भएपछि यो दिवस ओझेलमा परेको छ । त्यस अघिसम्म राज्यले सार्वजनिक विदा दिएर विविध कार्यक्रमसहित लोकतन्त्र दिवस मनाउने गरेको थियो । त्यसपछि लोकतन्त्र दिवसको विदा कटौतीसँगै लोकतन्त्र दिवस ओझेलमा परेको मात्र नभई गुमनामजस्तै बन्न पुगेको छ ।

मुलुकमा भएका विभिन्न आन्दोलन र सम्झौताहरुबाट प्राप्त उपलब्धिको रुपमा स्थापित भएको लोकतन्त्रलाई सार्थ बनाउन लोकतन्त्र दिवस मनाउनु आवश्यक छ । सार्वजनिक विदा नदिए पनि राज्यस्तरबाटै विविध कार्यक्रम गरेर यो दिवस मनाउनु पर्नेमा राज्यको बेवास्ता बढ्दै जानु उचित देखिँदैन । देशमा व्याप्त माओवादी सशस्त्र जनयुद्ध र तत्कालीन राजनीतिक नेतृत्वको कमजोरीबाट अस्थिरता बढ्दै गएको कारण तत्कालीन राजा ज्ञानेन्द्रले देशको शासन व्यवस्था आफैंले जिम्मा लिएका थिए । बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा राजनीतिक दलहरुलाई पाखा लगाएर राजा आफैंले शासन सञ्चालन गरेपछि राजनीतिक दल र त्यसको नेतृत्व रुष्ट बन्नु स्वभाविक हो । राजा ज्ञानेन्द्रको महत्वाकांक्षाका कारण २ सय ४० वर्षसम्म शासनसत्तामा रहेको शाहवंशीय राजतन्त्र नै समाप्त बन्न पुग्यो । मुलुकले गणतन्त्रको अनुभूति गर्ने अवसर सृजना भयो । यसका लागि पनि लोकतन्त्र दिवसको स्मरण आवश्यक देखिन्छ ।

१९ दिनसम्म चलेको दोस्रो जनआन्दोलनले राजाको प्रत्यक्ष शासन अन्त्य गरेसँगै देशमा लोकतन्त्र प्राप्त भयो । त्यतिमात्र नभई सोही जनआन्दोलनबाट पुन:स्थापित प्रतिनिधिसभाले राजाको अधिकार कटौती गर्दै गणतन्त्र ल्याउन सफल भयो । दश वर्षसम्म सशस्त्र संघर्षरत माओवादीलाई पनि शान्तिपूर्ण राजनीतिमा ल्याउने आधारका रुपमा उक्त आन्दोलन सफल बन्यो । सोही जनआन्दोलनकै उपलब्धिको रुपमा संविधानसभा निर्वाचन भयो र संविधानसभाले संघीयतासहितको नयाँ संविधान जारी गर्‍यो । अहिले हामीले यी सबै उपलब्धिलाई संस्थागत गर्ने प्रयत्नमा रहेको अवस्थामा लोकतन्त्र दिवसलाई ओझेलमा पार्नु न्यायोचित हुँदैन । देशलाई राजतन्त्रबाट संघीय गणतन्त्रमा पुर्‍याई समृद्धिको मार्गमा उन्मुख गराउन महत्वपूर्ण मानिएको लोकतन्त्र दिवसलाई सबै नेपालीले आ-आफ्नो तर्फबाट स्मरण गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कामको दबाब बढ्ने समयको योग छ ।
**वृष** : आर्थिक संकट आइपर्न सक्ने समय छ ।
**मिथुन** : राजनैतिक र सामाजिक कामबाट लाभ ।
**कर्कट** : जीवन साथीको माया र सहानुभूति प्राप्त ।
**सिंह** : मानसिक शान्ति प्राप्त हुने समय योग छ ।
**कन्या** : महत्वकांक्षालाई थाती राख्दा राम्रो ।
**तुला** : महत्वपूर्ण कामहरु बन्ने समय योग छ ।
**वृश्चिक** : धार्मिक तथा पारस्परिक काममा चासो बढ्ला ।
**धनु** : पढाइ-लेखाइमा प्रगति हुने समयको योग छ ।
**मकर** : आफन्तको व्यवहारमा आँच आउने समय छ ।
**कुम्भ** : सेवामूलक कामबाट धनधान्यमा वृद्धि ।
**मीन** : रोकिएका कामहरु बन्ने समयको योग छ ।

# रेडियो युगका ती मीठा सम्झना !



**दिपक घिमिरे**

*रेडियो हाम्रो साथीजस्तै थियो, बारीको कान्लामा रेडियो राखेर काम गर्दा होस् या पिंढीमा रेडियो राखेर आंगनमा पढ्दा होस्, रेडियोमा केही न केही बजेकै हुन्थ्यो । हाम्रो लागि संसार थियो रेडियो ।*

तपाईंहरूलाई याद छ ती दिन ? जुन दिनमा रेडियोको छुट्टै महत्व हुन्थ्यो ।

उमेरले कमसेकम तीन दशक पार गरेकाहरूलाई याद होला नि है, ती दिनमा रेडियोको महत्व ।

दुई दशक नपुगेकाहरूले सुनेरै मजा लिनुस् ती दिनका खुसीहरू ।

शनिबार दिनभर रेडियोकै वरपर हुन मन लाग्ने, अरू बार बेलुका नौ बजे पछाडि आफ्नै कोठामा रेडियो हुनुपर्ने ।

रेडियोको रहर हरेकलाई हुन्थ्यो । घरमा एउटा मात्र रेडियो हुँदा कहिलेकाहीँ झगडा नै पर्थ्यो, याद छ हजुरहरूलाई ? कहिले बासँग त कहिले दाजुभाइ दिदीबहिनीसँग ।

आहा ती दिन, आउनुस् एकछिन ती दिनलाई स्मरण गरौं !

बाले अन्तिममा बेलुकाको बीबीसी नेपाली सेवाबाट समाचार सुनिसकेपछि रेडियो हाम्रो जिम्मामा लगाउनुहुन्थ्यो, अनि हामी रेडियोमा गीत खोज्थ्यौं ।

कोर्टिना रेडियोमा मिटरको स्वीच बटारेपछि कहिले अल इण्डिया रेडियो पकड्थ्यो त कहिले खर्साङ रेडियो, रेडियो नेपाल बाहेक ।

अल इण्डिया रेडियोमा हिन्दी फिल्मका गीत बज्थे, हामी बहुत डुबेर सुन्थ्यौं। केहीबेरमा प्रचार बज्न थालेपछि फेरि उस्तै छटपटी हुन्थ्यो अनि मिटरको स्वीच बटार्थ्यौं ।

रेडियो नेपालमा बेलुका साढे नौ बजे पछाडि नेपाली गीत संगीतका कार्यक्रम बज्न सुरु हुन्थे । हामी रातिको एघार बजेसम्म ती कार्यक्रम सुन्थ्यौं । अनि रेडियोको प्रसारण बन्द भएसँगै हामी सुत्थ्यौं।

कहिलेकाहीँ काठमाडौं जाँदा एफएम रेडियोको बारेमा सुन्थ्यौं । हामी गाउँ घरमा रेडियोको क्षेत्रीय प्रसारण केन्द्रको बारेमा मात्र सुनेका थियौं त्यो पनि दिनको एक दुई घन्टा मात्र प्रसारण हुने ।

हाम्रो दाङ जिल्लामा केन्द्रीय प्रसारणबाहेक सुर्खेतको क्षेत्रीय प्रसारण पनि सुन्न सकिन्थ्यो । हामी खुब मजा लिन्थ्यौं ।

चिठी पठाएर गीत रोज्ने अनि आफ्ना नजिकका साथीभाइ इष्टमित्रलाई सुनाउन अनुरोध गर्ने कार्यक्रम हाम्रा सबभन्दा प्रिय कार्यक्रम हुन्थे, हाम्रा नाममा कसैले अनुरोध गरेकी भन्दै ।

गोरखकाली रबर यात्रा, फोनइन, दिन-प्रतिदिन, जस्ता कार्यक्रम हाम्रा लागि लोकप्रिय थिए, व्यक्तिमा पाण्डव सुनुवा, सुरवीर पण्डित, डियर कल्याण, नवराज लम्सालहरु प्यारा थिए । लाग्थ्यो हाम्रै कान्छा बा, माइला बा या दाइहरु हुन् ।

उनीहरुसँग एउटा नजिकको नाता छजस्तै महसुस हुन्थ्यो ।

बार्दलीमा रेडियो राखेर बारीको तल्लो पाटोसम्म गीत घन्किने भएपछि बल्ल काममा जाँगर चल्थ्यो मलाई, यो मलाई मात्र पक्कै होइन होला । ऊ बेला जन्मेका सबैलाई यस्तै त होला ?

समयसँगै काठमाडौंमा बज्ने एफएमहरुको क्रेज दाङमा पनि बढ्दै गयो, अनि सुरु भयो एफएम युग । यो पनि एक प्रकारको रेडियो युग नै हो ।

तिनै कोर्टिना रेडियोको कानतिर एउटा बटन अचेटेपछि टिप्थ्यो एफएम स्टेसन । अनि मिटरको बटनलाई घुमाएपछि बज्न सुरु हुन्थ्यो स्वर्गद्वारी एफएम या रेडियो मध्यपश्चिम ।

सांगीतिक कार्यक्रममा हामी झुम्थ्यौं । बाहरुको ग्याङ समाचारमा फोकस गर्नुहुन्थ्यो । कहिलेकाहीँ गाली खाइन्थ्यो त कहिलेकाहीँ पिटाई पनि । कारण हुन्थ्यो, पढाइभन्दा महत्व रेडियोलाई दिनु । अनि बाको समाचार बज्दै गर्दा एफएम स्टेसन चेन्ज गरेर गीत बजाइदिँदा पनि खुब गाली खाइयो ।

रेडियो हाम्रो साथीजस्तै थियो, बारीको कान्लामा रेडियो राखेर काम गर्दा होस् या पिँढीमा रेडियो राखेर आँगनमा पढ्दा होस्, रेडियोमा केही न केही बजेकै हुन्थ्यो । हाम्रो लागि संसार थियो रेडियो ।

अलि बुझ्ने हुँदा अझ भनौं बैंस चढ्दै जाँदा रेडियोमा एउटा कार्यक्रम खुब सुन्थिम् हामीहरु । साथीसँग मनका कुरा ।

युवा अवस्थाका घटनालाई लिएर नाटकीय रुपमा प्रस्तुति दिने साथीसँग मनका कुराका कलाकार हाम्रै स्कुलका साथी जस्तै लाग्थ्यो हामीहरुलाई ।

किनकी उनीहरुका प्रस्तुति हाम्रै गाउँ घरका हुन्थे । हाम्रै स्कुलका हुन्थे, हाम्रै समाजमा दैनिक घट्ने खालका हुन्थे अनि हामी प्रभावित भएर खुब सुन्थ्यौं त्यो कार्यक्रम, नबिराई ।

बेलुका सात बजेको समाचारपछि आउने घटना र विचारको कार्यक्रमको धुन आजसम्म याद छ मलाई ।

घटना र विचार कार्यक्रममा बोल्ने पत्रकारहरु बहुत निडर लाग्थे मलाई।

देशलगायत विश्वभरिका खबर त्यही घटना र विचारबाटै थाहा हुन्थ्यो ।

हरेक घन्टामा आउने समाचारले त भएको घटनामात्र भन्थ्यो । घटना र विचारले प्रष्ट्याउँथ्यो पनि अनि सम्बन्धितलाई सोधेर चिरफार गर्थ्यो ।

जनताको गुनासो सांसदलाई सोध्न पाउने एउटा कार्यक्रम हुन्थ्यो, याद छ तपाईंहरुलाई ?

सांसदलाई स्टुडियोमा राखेर जनतालाई फोन गर्न लगाउने अनि समस्याको उत्तर सांसदबाट प्रत्यक्ष सुन्न पाइने कार्यक्रम निकै चाखलाग्दो हुन्थ्यो ।

आफ्ना क्षेत्रका सांसदको पालो रेडियोमा आउँदा फोन गरेर सोध्ने सुविधा त मलाई थिएन, किनकी घरमा फोन नै थिएन ऊ बेला । तर प्रश्न उत्तर सुन्न पाउँदा बडो मजा आएको थियो ।

त्यो बेला कांग्रेसबाट निर्वाचित हरिप्रसाद चौधरी थिए हाम्रा सांसद, सोझा तर बोल्न नजान्ने। गफ लगाएर गफैले सांसद पद खाएका भने होइनन् उनले । गर्छन् कि जस्तो लागेर हाम्रो समाजले बनाएका सांसद थिए उनी ।

'हस म गर्छु !' चै प्रत्येक समस्याको उत्तरमा भन्थे, तर केही गरेनन् । कार्यकाल कटाए, अनि गाउँ घरमै थन्किए ।

उनीमात्र होइन, हाम्रा क्षेत्रका हरेक सांसदले आफ्नो कार्यकाल सकाउँदै थन्किदै गए, आजसम्म पनि ।

हाम्रो गाउँ घरमा एफएम रेडियो र वाकमेन सँगसँगै छ्याप-छ्याप्ती भएका हुन् । मोबाइल आउनुभन्दा पहिला अनि रेडियो नेपालको क्रेज घटेर एफएमतिर हामी लम्किँदै गर्दा ।

पैला टेप रेकर्डर भएको घर या क्यासेटबाट गीत गुन्जने घर भनेपछि छुट्टै महत्व हुन्थ्यो । जब वाकमेन आयो तब ती टेप रेकर्डर घरमै थन्किए । हुँदाहुँदा इमर्जेन्सी लाइटमा समेत रेडियो र टेप रेकर्डरका सुविधा आए, प्रयोग गर्नु भयो होला नि है ? रातिमा बाल्यो, दिनभर बजायो ।

समग्रमा सम्झनु पर्दा ती युग रेडियोका युग थिए । मोबाइल फोन आउनुभन्दा पहिलेका युग निक्कै यादगार युग थिए ।

रेडियोमा बोल्ने हरेक पत्रकार अनि कलाकार हाम्रा नजिकका लाग्थे । हरेक कार्यक्रम हाम्रै लागि लाग्थे ।

ती दिन अभावका थिए होलान्, राम्रो रेडियो घरमा थिएन होला । तर मीठा थिए ती दिन ।

आजभोलिजस्तो विद्तयुबाट चल्ने या चार्ज गर्ने रेडियो नहुँदा पनि खुसी नै थियौं। रेडियोमा ब्याट्री सकिएर घाममा सुकाउँदै प्रयोग गर्दा पनि खुसी थियौं।

कामै नलाग्ने तिनै ब्याट्री फोडेर झ्याल ढोका रंगाउनुको आनन्द याद गर्नुस् त ?

समाज लगभग उस्तै थियो । धनाढ्य भनेका गाउँ घरका जमिन्दार हुन्थे, उनका घर तीन तले होलान् तर घर, झ्याल ढोकाको बनावट उस्तै हुन्थे । उनले पनि त्यही ब्याट्री फोडेर झ्याल ढोका रंगाउथे । हामी गरि बले जस्तै । सहरका कुरा अलग हुन् है फेरि, कमेन्टमा आएर मेरा घरका झ्याल ढोकामा ब्याट्रीको कालो होइन, पेन्ट दल्थ्यौं भनेर फुई नझार्नु होला । मैले ऊ बेलाको गाउँ समाजलाई सम्झेको मात्र हुँ, जुन बेला रेडियोको महत्व थियो ।

मोबाइलको जमाना आएपछि फेरिएको समाजसँग त्यो रेडियो युगलाई तुलना नगरौं । सुख सुविधा अहिले होला म मान्छु, तर खुसी त्यो बेला थियो भन्ने कुरा अहिले दुई दशक उमेर पार नगरेकाले बुझ्नैपर्छ, नबुझे हामीले यस्तै लोभलाग्दा कथा सुनाएर लोभ्याउने कोसिस गरौं ।

*(स्रोत: सेतोपाटी)*

# पूजामा अनिवार्य मानिने पञ्चामृतका फाइदा के छन् ?

कुनै पनि पेय पदार्थको स्वाद मीठो लागेमा पिएपछि 'अमृत' जस्तो भन्दै तारिफ गरेको सुनिरहेकै हुन्छौं । कसैको बोलीबचनकै तारिफ गर्दा पनि अमृत जस्तो अनमोल वचन भनेको पक्कै सुनेका छौं ।

अमृतको गुणगान आज मात्र नभई ऋषिमुनिको पालादेखि नै हुँदै आएको पाइन्छ । त्यसमा पनि सबैभन्दा ठूलो बखान पञ्चामृतको छ । दूध, दही, सक्खर, मह र घिउ गरी पाँच तत्वको मिश्रणले बनेको पञ्चामृतको महिमा धर्मदेखि विज्ञानसम्म भएको पाइन्छ । आयुर्वेद तथा विज्ञानले औषधि र पोषणको रुपमा पञ्चामृतलाई लिएको छ भने धर्ममा शरीर शुद्ध र जीवनमा समृद्ध ल्याउन महत्वपूर्ण रहेको उल्लेख छ ।



### धार्मिक महत्व

कुनै पनि धार्मिक कार्यको सुरुवात देवीदेवतालाई पञ्चामृत चढाएर गर्ने चलन छ भने समापन पनि पञ्चामृतलाई प्रसादको रुपमा ग्रहण गरेर मात्रै हुन्छ । अकाल मृत्यु नहोस्, सबै रोग नाश हुन् र शरीर पतनपछि जन्म र मरणका चक्रबाट मुक्त होस् भन्ने कामनाका साथ पञ्चामृत पूजापछि दिइने गरेको पण्डित रामहरि चापागाईं (उपाध्याय) बताउँछन् ।

'यो पिउँदा मानिसमा सकारात्मक ऊर्जा उत्पन्न हुन्छ, भगवानलाई अर्पण गरिएको पञ्चामृत पिएर मानिस जन्म-मृत्युको बन्धनबाट मुक्त भएर मोक्ष प्राप्त गर्ने पनि विश्वास रहेको छ,' पण्डित भन्छन् ।

### पञ्चामृत स्वास्थ्यवर्द्धक

पञ्चामृत स्वास्थ्यको लागि फाइदाजनक हुने चिकित्सकहरु बताउँछन् । पूजामा प्रसादको रुपमा ग्रहण गर्दा भोको पेटमा शरीरलाई ऊर्जा दिने हुँदा यसलाई अनिवार्य रुपमा खाने नियम बनाइएको हुनुपर्ने आहारविद तथा जीवनशैली प्रशिक्षक डा. राजु अधिकारी बताउँछन् । 'अमृत स्वास्थ्यवर्द्धक पोषिलो जलपान हो । यसको मीठो स्वादले शरीरका अंग प्रसन्न हुने भएकाले मन र तन दुवै खुसी हुन्छ,' उनी भन्छन् ।

उनका अनुसार यसमा पाइने प्रि-बायोटिक र प्रो-बायोटिकले पाचनशक्तिलाई बलियो बनाउँछ । स्मरण क्षमता बढाउने, छाला स्वस्थ बनाउने, हड्डी बलियो बनाउनेदेखि शरीरको संरचनालाई राम्रो बनाउन भूमिका खेल्छ । साथै पञ्चामृतले रोगसँग लड्ने क्षमता बढाउने अधिकारी बताउँछन् ।

### आयुर्वेदमा पञ्चामृत

हिन्दूधर्म संस्कृतिसँग मात्र नभएर आयुर्वेदमा पनि यसको विशेष महत्व रहेको आयुर्वेदिक चिकित्सक डा. पुनेश्वर केशरी बताउँछन् । उनका अनुसार यो मिश्रण पिउनाले शरीरमा रस, रगत, मासु, बोसो, हड्डीको क्षमता बढाएर शरीर बलियो हुन्छ । 'दहीमा प्रोबायोटिक हुने, दूधमा क्याल्सियम, खनिज, बोसो जस्ता तत्व हुन्छ भने महमा एन्टिअक्सिडेन्ट तत्व हुन्छ । सक्खरले शरीरमा पित्त शान्त पार्छ, जसले गर्दा यी मिश्रित तत्वले रोग प्रतिरोधात्मक क्षमता बढाउने, शरीरमा उ,र्जा दिने र संक्रामक रोगबाट बचाउने गर्छ,' केशरी भन्छन् ।

अमृतसरह शरीरलाई फाइदा गर्ने भए पनि यसको मिश्रण गर्दा बराबर मात्रा विष हुन सक्नेतर्फ पनि उनी सचेत गराउँछन् । 'यसलाई बनाउन घिउ र महको मात्रामा विशेष ध्यान दिनुपर्ने हुन्छ । किनकि यी दुई तत्व बराबर हुँदा शरीरलाई हानि गर्छ,' केशरी भन्छन् ।

### कसरी बनाउने पञ्चामृत ?

डा. केशरीका अनुसार एकपटकको प्रयोग गर्न आधा कप दूधमा दुई ठूलो चम्चा दही, एक चौथाइ ठूलो चम्चा घिउ, आधा चम्चा सक्खर र थोरै मह राखेर मिश्रण गरी बनाउन सकिन्छ । 'त्यसमा एसिड बन्न नदिन तुलसी मिसाउँदा झनै स्वास्थ्यलाई फाइदा पुग्छ । तुलसीको पात मिसाएर नियमित सेवन गर्दा कुनै पनि प्रकारको रोग लाग्दैन,' केशरी भन्छन् ।

कोलेस्टेरोलका बिरामी र मधुमेहका बिरामीले भने नियमित सेवन गर्दा स्वास्थ्यलाई हानि पुर्‍याउन सक्ने भएका नखान उनी सुझाउँछन् ।

*(स्रोत: अनलाईनखबर)*

# आफ्ना बालबालिकालाई क्षमताअनुसारको घरको जिम्मेवारी पनि दिनुपर्दछ

शैक्षिकसत्र २०७९ सकिएर शैक्षिकसत्र २०८० सुरु भइसकेको छ । विद्यालयहरुमा गत शैक्षिकसत्रको समीक्षा गर्दै सुरु भएको शैक्षिकसत्रको योजना बनाएर कार्यान्वयन गर्ने चरणमा छ। अघिल्लो शैक्षिक सत्रको उपलब्धी र असफलतालाई समीक्षा गरेर चालु शैक्षिकसत्रका लक्ष्य निर्धारण गर्ने र आगामी दिनमा राम्रो शैक्षिक उपलब्धी हासिल गर्नका लागि विद्यालय प्रशासनले सक्दो तयारी गरेको देखिन्छ । यसैसन्दर्भमा गत शैक्षिकसत्र र चालु शैक्षिकसत्रको विषयमा रहेर हेटौंडा-९, लामसुरेस्थित प्रगति माविकी शिक्षक सविना गिरीसँग समृद्ध समाज दैनिककी संवाददाता सुप्रभा चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंश:



सविना गिरी, शिक्षक
प्रगति माध्यमिक विद्यालय

**समाजः अघिल्लो शैक्षिक सत्रको वार्षिक परीक्षाको नतीजा कत्तिको सन्तोषजनक पाउनुभयो ?**

**गिरी**: विगत केही वर्षदेखि कोरोना महामारीले विद्यालय क्षेत्रमा पारेको प्रभाव अझै केही हदसम्म बाँकी नै छ । कोरोनाको समयमा हामीले भर्चुल कक्षाहरु सञ्चालन गरेका थियौँ। भर्चुल कक्षामा धेरै विद्यार्थीलाई विभिन्न समस्याले गर्दा समेट्न सकेनौँ । जसले गर्दा विद्यार्थीको नतीजामा नकारात्मक प्रभाव देखेका थियौँ । तर अहिलेको नतीजालाई हेर्दा पहिलाको भन्दा सन्तोषजनक नै छ तर अपेक्षाअनुसार चाहीँ राम्रो छैन ।

**समाजः सामुदायिक विद्यालयका विद्यार्थीहरु अंग्रेजी विषयमा कमजोर हुनुको कारण के हो र तपाईको विद्यालयको विद्यार्थीहरु अंग्रेजी विषयमा कस्तो पाउनुभएको छ ?**

**गिरी**: अंग्रेजी भनेको एउटा भाषा हो। जति बोल्यो त्यति राम्रो हुँदै जान्छ । प्रगति मावि सामुदायिक विद्यालय भए तापनि अंग्रेजी र नेपाली दुवै माध्यमबाट पढाई हुन्छ। अंग्रेजी माध्यममा कक्षा एकदेखि नै सबै विषयहरु अंग्रेजी माध्यमबाट नै पढाई हुने तर नेपाली माध्यममा जम्मा एउटा विषय मात्र अंग्रेजी हुने र बाँकी सबै नेपाली भाषामा हुने भएकाले अंग्रेजी माध्यमका विद्याथीहरु भन्दा नेपाली माध्यमका विद्यार्थीहरु अंग्रेजीमा कमजोर भएको देखिन्छ । हाम्रो विद्यालयमा नर्सरीदेखि कक्षा सातसम्म अंग्रेजी माध्यमबाट पढाई हुन्छ भने कक्षा ८, ९ र १० कक्षासम्म नेपाली माध्यममा पढाई हुने गरेको छ । अंग्रेजी माध्यमको विद्यार्थी र नेपाली माध्यमको विद्यार्थी बीचको तुलना गर्दा केही मात्र फरक पाउन सकिन्छ । समग्रमा हेर्ने हो भने प्रगति माविका सबै विद्यार्थीहरुको अंग्रेजी विषय राम्रै देखिन्छ ।

**समाज: तपाईले विद्यार्थीलाई अंग्रेजी विषय कसरी सिकाउदै हुनुहुन्छ ?**

**गिरी**: मैले कक्षामा प्रोजेक्टरबाट पढाउँछु तर ग्रामरहरु प्रोजेक्टरबाट मात्र सम्भव नभएकोले बोर्डमा लेखेर पनि बुझाउने गरेकी छु। सम्भव भएसम्म कक्षामै कक्षाकार्यहरु दिएर, म्यासेन्जर ग्रुपमा होमवर्क पठाएर अभ्यास गराउँछु ।

**समाजः तपाईको विद्यालयको विद्यार्थीका अभिभावकहरुले आफ्नो बालबालिकाको पढाईप्रति कत्तिको चासो देखाउनुभएको पाउनुभएको छ ?**

**गिरी**: धेरैजसो विद्यार्थीका अभिभावकहरुले आफ्ना बालबालिकाको पढाईप्रति एकदम धेरै चासो राख्नुभएको छ। समय-समयमा उहाँहरुले विद्यालयमा आएर विषय शिक्षकहरु र प्रधानाध्यापकसँग भेटेर आफ्नो बालबालिकाको पढाईप्रति चासो लिइरहनुहुन्छ। धेरै दिनसम्म कक्षामा उपस्थित नभएका विद्यार्थीहरुका अभिभावकलाई फोन गरेर सोधबुझ गर्छौं तर कतिपय विद्यार्थीहरुले आफ्ना अभिभावकको नम्बर नै गलत दिने भएकोले अभिभावकसँग सम्पर्क हुनै सक्दैन ।

**समाजः अभिभावकले आफ्ना बालबालिकालाई पढाइमा कसरी सहजीकरण गर्न सक्छ ?**

**गिरी**: कतिपय अभिभावकहरु आफ्ना बालबालिकालाई जति पढ भनेपनि नपढेको र यसको कसरी समाधान गर्ने होला भनेर गुनासो गर्न विद्यालयमा आउनुहुन्छ। तर मेरो विचार मा सबै विद्यार्थीलाई पढाइमा नै रुचि हुन्छ भन्ने हुँदैन । त्यसकारण अभिभावकले आफ्ना बालबालिकाको रुचि, क्षमता र चाहना बुझेर त्यसैअनुसारको हौसला तथा उत्प्रेरणा दिन सक्नुपर्छ। कहिलेकाहीँ घुम्न लग्ने, घरको कामहरु सिकाउने जस्ता कार्यहरुमार्फत हौसला दिनुपर्छ ।

**अभिभावकले आफ्ना बालबालिकालाई मोबाइलको लतबाट कसरी छुटाउन सकिन्छ ?**

**गिरी**: अहिलेको सूचना प्रविधिको जमानामा मोबाइलबाट नै टाढा बनाउनुपर्छ जस्तो मलाई लाग्दैन। आफ्ना बाबुनानीलाई अभिभावकले निश्चित समयसम्म मोबाइल चलाउन पनि दिनुपर्छ । तर आफ्नो बालबालिकाले मोबाइलमा के कस्ता कुराहरु हेर्छन् भनी अभिभावकले अप्रत्यक्ष रुपमा निगरानी गर्नुपर्दछ । आफ्ना बालबालिकालाई क्षमताअनुसारको घरको जिम्मेवारी पनि दिनुपर्दछ । जसले गर्दा उनीहरु केही समय भएपनि मोबाइलबाट टाढा हुनुका साथै उनीहरुलाई आफ्नो जिम्मेवारीबोध हुन्छ ।

## महेन्द्रज्योति माविको अभिभावक भेला

# पूर्वप्रधानाध्यापक, विद्यालय अध्यक्ष, कर्मचारी सम्मानित



पूर्वप्रधानाध्यापक सागरप्रसाद खतिवडालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-३, हाँडीखोलास्थित महेन्द्रज्योति माध्यमिक विद्यालयको ५६ औं अभिभावक दिवस सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्थकुमार बर्तौलाको सभाध्यक्ष तथा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीको प्रमुख आतिथ्यमा आइतबार अभिभावक दिवस आयोजना गरिएको हो ।

गाउँपालिका अध्यक्ष कालाखेतीले पालिकाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । अभिभावक दिवसमा विद्यालयका पूर्व प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष र विद्यालयका पूर्व कर्मचारीलाई दोसल्लासहित सम्मानपत्र प्रदान गरिएको छ । पूर्व प्रधानाध्यापकहरु सागरप्रसाद खतिवडा, उमा सापकोटा, नारायणप्रसाद कँडेल, नरहरिनन्दन उप्रेति र गोकुलप्रसाद शर्मालाई सम्मान गरिएको छ । यसैगरी विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरु रविराज उप्रेति, यदुकुमार पुडासैनी, रामहरि बर्तौला, भीमलाल तिवारी र श्यामप्रसाद पाठकलाई सम्मान गरिएको छ । विद्यालयका पूर्वकर्मचारी तथा मनहरी-३ का वडाध्यक्ष अनन्तप्रसाद अर्याललाई पनि सम्मान गरिएको छ । अभिभावक दिवसमा २०७९ सालको कक्षागत उत्कृष्ट विद्यार्थी, सरसफाई तथा अनुशासित विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

अभिभावक भेलामा प्रधानाध्यापक गोविन्दप्रसाद चौलागाईंले प्रगति विवरण प्रस्तुत गर्नुभयो । उहाँले प्रगति विवरण प्रस्तुत गर्नुहुँदै विद्यालयको आम्दानी ५ लाख २० रुपैयाँ रहेको जानकारी दिनुभयो । यस्तै वार्षिक खर्च १२ लाख ५८ हजार रुपैयाँ रहेको बताउनुभयो । चालु शैक्षिक सत्रदेखि बाल विकास कक्षा, कक्षा १ र २ मा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरिएको उहाँले बताउनुभएको छ । विद्यालयमा ३ सय ५० जना विद्यार्थी अध्ययनरत् छन् ।

अभिभावकहरुको मागबमोजिम अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरिएको प्रधानाध्यापक चौलागाईको भनाइ छ। आगामी शैक्षिक सत्रमा तहगत रुपमा अंग्रेजी माध्यमको पठनपाठनलाई बढाउँदै लगिने उहाँले जानकारी दिनुभयो । अभिभावक एकराज पुरीले शिक्षामा भइरहेको सुधारलाई व्यवस्थित बनाउन सबैको भूमिका रहेको बताउनुभयो । कार्यक्रममा मनहरी गाउँपालिकाका शिक्षा शाखा प्रमुख हरिचन्द्र सापकोटाको विशिष्ट आतिथ्य रहेको थियो ।

# वन विज्ञान प्रदर्शनी सम्पन्न



आइतबार वन विज्ञानसम्बन्धी प्रदर्शनीमा आफ्नो प्रस्तुती अवलोकनकर्तालाई बताउँदै ।

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय वन विज्ञान विद्यार्थी संगठन (इफ्सा) हेटौंडाको प्रथम सम्मेलनअन्तर्गत दोस्रो दिन आइतबार वन विज्ञान प्रदर्शनी सकिएको छ। स्नातक तहमा वन विज्ञान विषय अध्ययनरत विद्यार्थीहरुको संस्थाले आफ्नो प्रथम सम्मेलनको अवसरमा तीन दिवसीय कार्यक्रमको आयोजना गरेका छन् ।

सम्मेलनको दोस्रो दिन आइतबार विद्यार्थीले वन विज्ञानको विषयमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वन संरक्षणसम्बन्धी प्रदर्शनीको आयोजना गरेका हुन् । ७ वटा स्टलमा विद्यार्थीले व्यक्तिगत तथा सामूहिकरुपमा प्रदर्शनी गरेका छन् । वन विज्ञान विषय अध्ययनरत विद्यार्थीले नै प्रदर्शनीको अवलोकन गरेका छन्। प्रदर्शनीसँगै दोस्रो दिन इफ्साको साधारणसभा समेत भएको छ । इफ्सामा४५ जना नयाँ विद्यार्थी सदस्य बनेको उल्लेख गर्नुहुँदै इफ्साका अध्यक्ष अनिल सुवेदीले भन्नुभयो, "हामीले आज (आइतबार) नयाँ सदस्य साथीहरुलाई इफ्साका बारेमा जानकारी गरायौं । वर्षभरी गरिएका क्रियाकलापका विषयमा पनि जानकारी गराउनुका साथै आगामी योजनाका बारेमा पनि छलफल गरेका छौं ।"

इफ्साको तीन दिवसीय कार्यक्रम आज सोमबार नयाँ कार्यसमिति चयन गरेर सम्पन्न गर्नेछ। साथै सोमबार समापन समारोह र साँस्कृतिक साँझको पनि आयोजना गरिने बताइएको छ। हेटौंडास्थित त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थान र कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत वन विज्ञान संकायमा स्नातक तहमा अध्ययनरत विद्यार्थीले विश्वविद्यालय तहमा अध्ययनरत वन विज्ञान विषयका विद्यार्थीको अन्तर्राष्ट्रिय संस्थाको रुपमा इफ्साको हेटौंडा शाखा स्थापना गरेका हुन् ।

# बाघको आक्रमणबाट घाइते घलान डिस्चार्ज

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ स्थित चुरियामाई सामुदायिक वनमा बाघको आक्रमणबाट घाइते भएको दुई जनामध्ये एक जना डिस्चार्ज भएका छन् । बाघको आक्रमणबाट घाइते १७ वर्षीय सुमन घलान शुक्रबार हेटौंडा अस्पतालबाट उपचारपछि डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

बुधबार बिहान ८ बजेर १५ मिनेटको समयमा वनमा बाख्रा चराउन गएका घलानको दाहिने कुम, ढाडको बाँया भाग र छातीमा बाघले टोकेको थियो । घलानसँगै बाघको आक्रमणबाट गम्भीर घाइते भएको सोही ठाउँका ६५ वर्षीय कृष्ण बहादुर थिङको भने अहिले हेटौंडा अस्पतालमै उपचार भइरहेको छ। बाघको आक्रमणबाट घाइते थिङको घाँटीमा गहिरो चोट लागेको थियो। थिङको अहिले स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको जनाएको छ ।

सम्पूर्ण
विश्वसनीय
स्थानीय
समाचार र
विचारका लागि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब





होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

मोटरसाइकल हराएको सूचना

मिति २०७९ साल कार्तिक १३ गतेका दिन बिहान १२:०० बजेको समयमा हेटौंडा–९, पशुपतिनगर बस्ने कृष्टलमान श्रेष्ठको नाममा रहेको बा.प्र. ०२–०१८ प ५७११ नम्बरको गाढा निलो रङ्गको FZV3 १५० सिसिको मोटरसाइकल (च्यासिस नम्बर (ME1RG44B9L0078298, इन्जिन नम्बर G3J3E0525358) घरमै राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित गरिन्छ । सम्पर्कः ९८१६२५७१३४

RELIANCE
ENGLISH SECONDARY BOARDING SCHOOL
ठेगाना
हेटौंडा-५, सनोपोखरा



भर्ना खुल्यो !!
२०८०
नर्सरी देखि ९ सम्म

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सीट संख्या | ११ | ६ | १२ | ८ | १० | ७ | ९ | ८ | ३ |

थप जानकारीको लागि
९८०२५३९५७७ | ९८०२५३९५७३ | ९८०२५३९५७५

# कालाभैरव प्राविमा नवनिर्मित भवन विद्यालयलाई हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-१२, धेत्रेदमारमा चाईल्ड रेस्क्यु नेपालको आर्थिक सहयोगमा इस्थर बेन्जामिन स्मृति संस्थाको व्यवस्थापनमा निर्माण गरिएको कालाभैरव प्राथमिक विद्यालको नवनिर्मित २ कोठे विद्यालय भवन, बालमैत्री खानेपानीको धारा तथा शौचालय एक कार्यक्रम बीच चाईल्ड रेस्क्यु नेपालकी राष्ट्रिय निर्देशक जमुना श्रेष्ठ र बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले संयुक्त रुपमा उद्घाटन गरी विद्यालयलाई हस्तान्तरण गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजय घिसिङको सभाध्यक्षतामा भएको कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य तथा चाईल्ड रेस्क्यु नेपालकी राष्ट्रिय निर्देशक जमुना श्रेष्ठको विशेष आतिथ्य रहेको थियो। कार्यक्रममा बकैया गाउँपालिका वडा नम्बर ११ का वडा अध्यक्ष एवम् बकैया गाउँपालिका शिक्षा विकाश शाखाका संयोजक गोपाल बहादुर न्यासुर, वडा नम्बर १२ वडा अध्यक्ष ज्ञानेन्द्र बजगाईं, इस्थर बेन्जामिन स्मृति संस्थाका जिल्ला कार्यक्रम व्यवस्थापक बुद्धवीर लामा, अनुगमन तथा मूल्यांकन प्रमुख सानुकान्छा घलान, सल्लाहकार जगदिश भट्टराई, विद्यालयका प्रधानाध्यापक चेत बहादुर घलेको उपस्थिति रहेको थियो।

विद्यालयका प्रधानाध्यापक चेत बहादुर घलेले विद्यालय भवन निर्माण गरिदिएकोप्रति धन्यवाद व्यक्त गर्नुहुँदै स्थानीय सरकारले घेराबारा गर्न आवश्यक बजेट व्यवस्था गर्न अनुरोध गर्नुभयो । उहाँले आफुले गत भदौमा विद्यालयका बाल बालबालिकालाई बोकेर खोला तारेको स्मरण गर्नुहुँदै पुलको माग समेत थप गर्नुभएको थियो ।

कार्यक्रममा इस्थर बेन्जामिन स्मृति संस्थाका जिल्ला कार्यक्रम व्यवस्थापक बुद्धवीर लामाले भत्किएको विद्यालयमा कठिन रुपमा पठनपाठन भैरहेको अवस्थाका कारण विद्यालयलाई सहयोग गरिएको बताउनुभयो । बकैया गाउँपलिकामा आफ्नो संस्था शिक्षा साझेदारको रुपमा रहन चाहेकोले पालिकाले शिक्षालाई प्रमुख विषयको रुपमा लिन अनुरोध गर्नुभएको थियो । त्यस्तै गाउँपालिका शिक्षा विकास शाखा संयोजक गोपाल बहादुर न्यासुरले पालिका सहयोगी संस्थासँग सहकार्य गर्न तयार रहेको र एक वर्ष भित्र विद्यालय हातामा घेराबारा समेत गरिने बताउनुभयो ।

कार्यक्रमकी विशेष अतिथि चाईल्ड रेस्क्यु नेपालकी राष्ट्रिय निर्देशक जमुना श्रेष्ठले विद्यालय भवन निर्माण कार्य सम्पन्न भइसकेकोले अब नियमित बालबालिका विद्यालय आउने वातावरण सृजना गर्न जोड दिनुभयो । उहाँले बाल विकास कक्षाका लागि तत्काल सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै विद्यालयका लागि पनि थप सहयोग गर्न सकिनेमा आफु सकारात्मक रहेको बताउनुभयो ।

बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले दुर्गम स्थानमा भवन निर्माण गरेकोमा धन्यवाद व्यक्त गर्नुहुँदै पालिका संस्थागत सहकार्य गर्न पूर्ण तयार रहेको बताउनुभयो । उहाँले चालु शैक्षिक सत्रबाट सबै विद्यालयमा कक्षा १ बाट अंग्रेजी माध्यममा पठनपाठन सुरु गर्न लागिएको समेत बताउनुभयो ।

# सार्वजनिक विदामा प्रशासनले सेवा दिने

समाज संवाददाता

**हेटौंडाः नेपाल सरकारले दिँदै आएको शनिबारबाहेकका सार्वजनिक (सरकारी) बिदाका दिन पनि अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयका काम सुचारु गर्ने निर्णय गरेको छ। नेपाल सरकारको गृह मन्त्रालयबाट मिति २०७२/१२/०२ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअन्तर्गत् सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्था भएबमोजिम २०८० साल चैत मसान्तसम्म जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवाहरु सार्वजनिक विदाका दिनहरुमा समेत सुचारु हुने सूचना सार्वजनिक गरिएको हो ।**

**नेपाल सरकारले उभौली पर्व/चण्डी पूर्णिमा/वैशाख पूर्णिमा/बुद्ध जयन्ती, गणतन्त्र दिवस, रक्षा बन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, क्रिसमस डे, उधौली पर्व/धान्य पूर्णिमा/योमरी पुन्ही, तमू ल्होसार, पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस, माघी पर्व/माघे सक्रान्ती, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, महाशिवरात्री, अन्तराष्ट्रिय महिला दिवस, ग्याल्पो ल्होसार, इद उल फित्र, बकर इद गरी १६ दिन हुने सरकारी बिदाका दिनमा पनि जिल्ला प्रशासन कार्यालय खुल्ने निर्णय कार्यान्वयन गर्ने भएको हो। सरकारले कर्मचारीलाई सट्टा बिदाको व्यवस्था गरेर काम गर्न लगाउने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो ।**

# पिप्ले-क्याम्पा रंगशाला वरिपरि सरसफाई




*बिरुवाको सुरक्षाका लागि तारजाली राखेर गोडमेल गर्नुहुँदै वडा सदस्य ज्ञानु थापा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशाला वरिपरि आइतबार बिहान सरसफाई गरिएको छ । सरसफाईसँगै बिरुवाको संरक्षणका लागि तारजाली राखिएको छ । मेनरोडदेखि शान्तिनगर जाने बाटोमा रोपिएको बिरुवाको सुरक्षाका लागि तारजाली राखिएको छ ।

नेपाल रेडक्रस सोसाइटी पिप्ले उपशाखाको आयोजना तथा वडा कार्यालयसँगको सहकार्यमा सरसफाई तथा तारजाली राख्ने कार्य भएको वडा सदस्य ज्ञानु थापाले जानकारी दिनुभयो । बाटो छेउको वृक्षमा ४० वटा तारजाली राखिएको थापाले बताउनुभयो। सरसफाई कार्यमा वडा अध्यक्ष सुशील घिमिरे, रेडक्रस उपशाखाका सभापति देविप्रसाद दहालको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा वडा सदस्य, रेडक्रसका सदस्य, टोलविकास संस्थाका अध्यक्ष, लक्ष्मी आधारभुत विद्यालयका शिक्षक र कक्षा ७ र ८ का विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# यातायात मजदुरको आन्दोलन स्थगित

समाज संवाददाता

**हेटौंडाः राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघले आह्वान गरेको बैशाख ११ गतेको मकवानपुर बन्द स्थगित भएको छ। हेटौंडा उपमहानगरपालिकासँग भएको सहमतिअनुसार एक हप्ताका लागि आन्दोलनका कार्यक्रम स्थगित गरिएको यातायात मजदुर संघका अध्यक्ष काजीमान तितुङले जानकारी दिनुभयो ।**

**मजदुरहरुको समस्या सामाधानको माग गर्दै बैशाख ६ गतेदेखि बैशाख ११ गतेसम्म चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको मजदुर संघले एक हप्ताको लागि आफ्ना कार्यक्रम स्थगित गरेको जनाएको छ । उपमहानगरपालिकासँग वार्तापछि २०७६ पुस ६ गतेभन्दा पहिले कागजपत्र पुगेका ३ पाङ्ग्रे सवारी साधनलाई ७ दिनभित्र स्टिकर दिने सहमति भएको अध्यक्ष तितुङले बताउनुभयो । ७ दिनभित्र प्रतिबद्धता पूरा नभए फेरि आन्दोलनमा उत्रिने उहाँको भनाई छ ।**

**हेटौंडा उपमहानगरपालिकाले एक हजार ६ सय ७६ सवारीलाई स्टिकर प्रदान गरेको छ । जसमध्ये ४१ वटा स्टिकर भएको सवारी साधन चालक अनुमतिपत्रबिनै चलाएका कारण खारेज गरिएको ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। स्टिकर प्रणाली लागू भएयता ४ सय ६३ वटा सवारीलाई कारवाही गरिएको छ।**

# एकै दिन २ ठाउँमा आगलागी, ४ लाख बराबरको क्षति

समाज संवाददाता

**हेटौंडाः मकवानपुरमा एकै दिन २ ठाउँमा आगलागी हुँदा ४ लाख बराबरको क्षति भएको छ । शनिबार जिल्लाको ईन्द्रसरोबर गाउँपालिका र बकैया गाउँपालिकाका २ ठाउँमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।**

**ईन्द्रसरोबर गाउँपालिका-४, छापमा अर्जुन भोलनको घरनजिकै रहेको जस्ताले छाएको काठले बनेको १ तले कच्ची गोठमा आगलागी हुँदा गोठ पूर्णरुपमा जली नष्ट भएको छ। गोठमा रहेको एउटा राँगा, ३ वटा बाख्रा र ३ वटा कुखुरा जलेर मरेको प्रहरीले जनाएको छ । आगो निभाउने क्रममा भोलनकी श्रीमती हरिमाया डिमडुङको अनुहारमा आगोको रापले पोली सामान्य घाइते हुनुभएको छ। आगलागीका कारण २ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ।**

**यस्तै, बकैया गाउँपालिका-२, तिनथुम्केमा सरस्वती अधिकारीको गोठमा सुन्दरी सामुदायिक बन निजगढबाट सल्किँदै आएको डढेलोका कारण आगो सल्किन गई आगलागी हुँदा २ वटा गोरु र एउटा बाच्छी जलेर मृत्यु भएको प्रहरीले जनाएको छ । आगलागीका कारण २ लाख रुपैयाँ बराबरको क्षति भएको छ।**

# उपनिर्वाचनमा ६० प्रतिशत मतदान

**काठमाडौंः प्रतिनिधिसभाको उपनिर्वाचनमा करिब ६० प्रतिशत मत खसेको छ । निर्वाचन आयोगका अनुसार बारा-२, चितवन-२ र तनहुँ-१ मा गरी समग्रमा ६० प्रतिशत मत खसेको प्रारम्भिक विवरण आएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।**

**आयोगका अनुसार बारा-२ मा ६४ प्रतिशत, चितवन-२ मा ६३ प्रतिशत र तनहुँ-१ मा ५३ प्रतिशत मतदान भएको छ । ४ मंसिरमा भएको निर्वाचनमा बारा २ मा ६३.५६, चितवन २ मा ६७.६३ प्रतिशत र तनहुँ-१ मा ५४.०३ प्रतिशत मतदान भएको थियो । तीनवटा निर्वाचन क्षेत्रमा गरी तीन लाख ५३ हजार २४७ मतदाता थिए ।**

**सबै मतदानस्थलबाट आइतबार साँझदेखि नै मतपेटिका ढुवानी सुरु हुनेछ । आयोगका अनुसार बारा-२ का सबै मतपेटिका साँझ ८ बजेभित्र कलैयामा, चितवन २ का सबै मतपेटिका राति १० बजेभित्र भरतपुरमा र तनहुँ-१ का सबै मतपेटिका राति ११ बजेभित्र दमौलीमा ढुवानी भइसक्ने छ । (स्रोतः अनलाइनखबर)**

# वरिष्ठ चित्रकार शर्माद्वारा मानवसेवा आश्रमलाई नगद सहयोग

समाज संवाददाता

**हेटौंडाः हेटौंडा-९ स्थित लामसुरेधापमा रहेको मानवसेवा आश्रमलाई वरिष्ठ चित्रकार हरिप्रसाद शर्माले मातातीर्थ औंसीको दिन नगद सहयोग गर्नुभएको छ । मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) को निर्माण कार्यलाई सहयोग पुऱ्याउने उद्देश्यले ५ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गर्नुभएको हो ।**

**उक्त अभियानअन्तर्गत् १ कोठे भवन निर्माणका लागि शर्माले स्वर्गीय पत्नी राधादेवी शर्माको स्मृतिमा सहयोग गर्नुभएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो । मानवसेवा आश्रमले सहयोगापेक्षी (बेसहारा, अशक्त, असाहय, अनाथ, अभिभावकविहीन) सडक आश्रितहरुको उद्दार, औषधोपचार, पारिवारिक पुनःमिलन गराउँदै आएको छ । विभिन्न कारणबाट परिवारमा पुनःमिलन हुन नसकेका र परिवार नभेटिएकाहरुलाई आश्रमले आश्रय दिएर राख्ने गरेको छ ।**

**चित्रकार श्रेष्ठका छोरा प्रो. विष्णुप्रसाद शर्माको पनि सहयोग हस्तान्तरण कार्यक्रममा उपस्थिति रहेको थियो। मानवसेवा आश्रममा २ सय जना सहराविहीनहरु आश्रित रहेका छन् । सहराविहीनहरुको सेवाका लागि इच्छुक सहयोगीदाताहरुले सहयोग गर्न सक्ने आश्रमका अभियन्ता पौडेलले जानकारी दिनुभयो ।**

# वैवाहिक वर्षगाँठमा मानवसेवा आश्रमलाई सहयोग


समाज संवाददाता

**हेटौंडाः हेटौंडा-९ स्थित लामसुरेधापमा रहेको मानवसेवा आश्रमलाई वैवाहिक वर्षगाँठको अवसरमा दिवा भोजनसहित नगद सहयोग गरिएको छ । आश्रममा आश्रितहरुका लागि दिवा भोजनसहित नगद २५ हजार रुपैयाँ सहयोग गरिएको हो। आइतबार मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान)मा सहयोग पुऱ्याउने उद्देश्यले युवा व्यवसायी शंकर न्यौपाने र उहाँको सहयात्री रीता भण्डारी न्यौपानेले आफ्नो वैवाहिक वर्षगाँठको अवसर पारेर मानवसेवा आश्रमलाई दिवा भोजनसहित नगद सहयोग गर्नुभएको छ ।**

**मानवसेवा आश्रम हेटौंडामा आश्रित २ सय जनाको मानवीय सेवामा न्यौपानेले अभिभावकत्व प्रदान गर्दै आइरहनु भएको छ । आश्रमलाई इच्छुक सहयोगीदाताहरुले सहयोग गर्न सक्नेछन् ।**


समृद्ध समाज
राष्ट्रिय दैनिक










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ